**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- केन्द्रीय विधि तथा न्याय मन्त्री अर्जुन राम मेघवालले आज लोकसभामा संविधान (एक सय एकतीसौं संशोधन) विधेयक, 2026 र परिसीमन विधेयक, 2026 पेश गर्नुभयो।

- पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को प्रचार तीव्र गतिमा भइरहेको छ। मुख्यमन्त्री ममता बनर्जीले कुचबिहार जिल्लाको माथाभांगा विधानसभा क्षेत्रको घोजाडांगामा एक चुनावी सभालाई सम्बोधन गर्नुभयो।

- पश्चिम बंगालमा आगामी दुई चरणमा हुने विधानसभा चुनाउलाई पूर्ण रूपले निगरानी गर्नको लागि संवेदनशील मतदान केन्द्रहरूमा तीन वटा अनि सामान्य मतदान केन्द्रहरूमा दुई वटा सीसीटीभी क्यामरा जड़ान गर्ने निर्णय लिएको छ।

- पश्चिम बंगाल विधानसभा चुनाव अघि, भारतीय जनता पार्टी (भाजपा) ले युवाहरूलाई संलग्न गराउने उद्देश्यले "युवा शक्ति भरोसा कार्ड" योजना सुरु गरेको छ।

- पश्चिम बंगालमा चुनावी माहोलको बीचमा, तृणमूल कांग्रेसले भारतीय जनता पार्टी (भाजपा) की स्मृति इरानी, शुभेन्दु अधिकारी र अन्य विरुद्ध निर्वाचन आयोगमा उजुरी दर्ता गरेको छ|
- खरसाङ विधानसभा समष्टिको लागि निर्दलीय उम्मेद्वार मोहन शर्माले आज मिरिकमा एक पत्रकार सम्मेलन आयोजना गरेर आफ्नो चुनाव घोषणा पत्र जारी गरेका छन्।

**संशो महिला आरक्षण**

संसदको विस्तारित बजट अधिवेशनको तीन दिनको विशेष सत्र आज देखि शुरू भएको छ। यो सत्र 18 अप्रैल सम्म चल्नेछ। यो सत्र महिला आरक्षण र परिसिमनमा केन्द्रित हुनेछ।
केन्द्रीय विधि तथा न्याय मन्त्री अर्जुन राम मेघवालले आज लोकसभामा संविधान (एक सय एकतीसौं संशोधन) विधेयक, 2026 र परिसीमन विधेयक, 2026 पेश गर्नुभयो। गृहमन्त्री अमित शाहले केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक, 2026 पेश गर्नुभयो।विधेयकहरू पेश गर्दै श्री अर्जुन राम मेघवालले यस दिनलाई ऐतिहासिक बताउनुभयो र सरकारले महिलाहरूलाई राजनीतिक न्याय प्रदान गर्न काम गरिरहेको छ भन्नुभयो। उहाँले भन्नुभयो संविधान (एक सय एकतीसौं संशोधन) विधेयक, 2026 ले महिलाहरूको लागि समानता सुनिश्चित गर्नेछ। विधि तथा न्यायमन्त्रीले देशभरि महिलाहरुका लागि आरक्षित सिटहरूको एकसमान र कानुनी रूपमा सुसंगत वितरण सुनिश्चित गर्न लोकसभामा सिट संख्या हालको संख्याबाट 50 प्रतिशतले बढाउन आवश्यक हुने बताउनुभयो।उहाँले भन्नुभयो यसपछि लोकसभामा सदस्यहरूको संख्या बढेर 815 हुनेछ। यस मध्ये 272 सिट महिलाहरुका लागि आरक्षित हुनेछन्, जुन हालको विनियोजनको अतिरिक्त हो।श्री मेघवालले भन्नुभयो यस फर्मूलाले कुनै पनि समूहलाई वञ्चित नगर्ने र भविष्यमा प्रत्येक राज्यको लागि सापेक्षिक संख्या परिवर्तन नहुने कुरा सुनिश्चित गर्नेछ।

कांग्रेस सांसद गौरव गोगोईले विधेयकमाथि चर्चा सुरु गर्दै उहाँको पार्टी महिला आरक्षणको पक्षमा रहेको तर यसलाई सरल गरिनुपर्छ र परिसीमनसित जोडिनु हुँदैन भन्नुभयो।

**ममता बनर्जी चुनावी सभा**

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को प्रचार तीव्र गतिमा भइरहेको छ। मुख्यमन्त्री ममता बनर्जीले कुचबिहार जिल्लाको माथाभांगा विधानसभा क्षेत्रको घोजाडांगामा एक चुनावी सभालाई सम्बोधन गर्नुभयो। सभा तृणमूल कांग्रेसका उम्मेदवार सबलू बर्मनको समर्थनमा आयोजना गरिएको थियो। रसभालाई सम्बोधन गर्नुहुदै

मुख्यमन्त्रीले भारतीय जनता पार्टी (भाजपा) माथि कडा आक्रमण क्गर्नुभयो। उहाँले दाबी गर्नुभयो कि उद्धव ठाकरे, अखिलेश यादव, एमके स्टालिन र तेजस्वी यादव लगायत विभिन्न विपक्षी नेताहरू उहाँको सम्पर्कमा छन् र भाजपाले बंगालमा अत्याचार गरिरहेको कुरामा विश्वास गर्छन्।मुख्यमन्त्रीले आरोप लगाउनुभयो कि भाजपामा बुथ-स्तरीय कार्यकर्ताहरूको अभाव छ र एजेन्सीहरू मार्फत फारम भर्न लगाएर मानिसहरूलाई भर्ती गर्ने प्रयास चलिरहेको छ। उहाँले भन्नुभयो भाजपाले पैसाको माध्यमबाट चुनावलाई प्रभाव पार्न खोजिरहेको छ। मुख्यमन्त्रीले महिला आरक्षण विधेयकको बारेमा पनि प्रश्न उठाउनुभयो। उहाँले यसलाई सीमांकनसँग जोड्नु राज्यलाई विभाजन गर्ने, मतदाताको नाम हटाउने र राष्ट्रिय नागरिक दर्ता (एनआरसी) लागू गर्ने षड्यन्त्र भएको बताउनु भयो।मुख्यमन्त्रीले 'मातृ शक्ति कार्ड' को बारेमा पनि भाजपाको आलोचना गर्नुभयो र मानिसहरूलाई आफ्नो व्यक्तिगत जानकारी, जस्तै मोबाइल नम्बर र बैंक विवरणहरू, कुनै पनि रूपमा साझा नगर्न अपील गर्नुभयो।

**निर्वाचन आयोग क्यामरा जड़ान**

पश्चिम बंगालमा आगामी दुई चरणमा हुने विधानसभा चुनाउलाई पूर्ण रूपले निगरानी गर्नको लागि भारत निर्वाचन आयोगले ठूलो निर्णय गरेको छ। आयोगले संवेदनशील मतदान केन्द्रहरूमा तीन वटा अनि सामान्य मतदान केन्द्रहरूमा दुई वटा सीसीटीभी क्यामरा जड़ान गर्ने निर्णय लिएको छ।
पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी कार्यालयसित सम्बन्धित सूत्र अनुसार संवेदनशील मतदान केन्द्रहरूमा जड़ान गरिने तीन वटा सीसीटीभी क्यामरामध्ये दुई वटा क्यामरा मतदान केन्द्रभित्र अनि एउटा बाहिर जड़ान गरिनेछ। यसरी नै सामान्य मतदान केन्द्रहरूमा एउट क्यामरा भित्र र एउटा बाहिर जड़ान गरिनेछ।
यी सबै क्यामराहरूलाई जिल्ला नियन्त्रण कक्षसित जोड़िनेछ जुन सम्बन्धित जिल्लाका जिल्लाधिकारीहरूको कार्यालयमा हनेछ। यसको साथै यी क्यामराहरूलाई कोलकातास्थित मुख्य निर्वाचन अधिकारी कार्यालयको केन्द्रिय नियन्त्रण कक्षसित पनि जोड़िनेछ।

अधिकारीहरू अनुसार यी क्यामरा आर्टिफिशियल इन्टेलिजेन्स आधारित हुनेछन्। यदि कुनै मतदान केन्द्रमा अनधिकृत मानिसहरूको भीड़ वा अनियमित गतिविधि भयो भने यसको सूचना तुरून्तै जिल्ला तथा केन्द्रिय नियन्त्रण कक्षले पाउनेछ।

**भाजपा युवा शक्ति भरोसा कार्ड**

पश्चिम बंगाल विधानसभा चुनाव अघि, भारतीय जनता पार्टी (भाजपा) ले युवाहरूलाई संलग्न गराउने उद्देश्यले "युवा शक्ति भरोसा कार्ड" योजना सुरु गरेको छ।

***यो योजना आज कोलकातामा आयोजित एक कार्यक्रममा प्रख्यात पूर्व टेनिस खेलाडी लिएन्डर पेस र बक्सर विजेन्द्र सिंहको उपस्थितिमा औपचारिक रूपमा सुरु गरियो र युवाहरूलाई कार्ड वितरण गरियो।भाजपाले आफ्नो घोषणापत्रमा बेरोजगार युवाहरूलाई रोजगारी नपाएसम्म प्रति महिना ३,००० आर्थिक सहयोग प्रदान गर्ने वाचा गरेको छ, जसले गर्दा संक्रमणकालमा उनीहरूलाई आर्थिक सहयोग प्रदान गर्न सकियोस्। पार्टीले यसलाई युवाहरूलाई सम्मान, अवसर र आत्मनिर्भर भविष्य प्रदान गर्ने दिशामा एक महत्त्वपूर्ण कदमको रूपमा वर्णन गरेको छ।कार्यक्रममा पूर्व टेनिस खेलाडी लिएन्डर पेसले बंगालका युवाहरू सबैभन्दा धेरै वञ्चित रहेको बताउनु भएको छ । उहाँले पार्टीले युवाहरूलाई सम्मान गर्न यो योजना सुरु गर्ने निर्णय गरेको बताउनुभयो। बक्सर विजेन्द्र सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले देशभरका युवाहरूको खेलकुद र भविष्य सुधार गर्न निरन्तर काम गरिरहेको बताउनुभयो। उहाँले यसले बंगालका युवाहरूलाई आर्थिक बल प्रदान गर्ने बताउनुभयो।***
***उल्लेखनीय छ कि एक दिन अघि, भाजपाले महिलाहरूको लागि "मातृ शक्ति भरोसा कार्ड" योजनाको पनि घोषणा गरेको थियो।***
***भाजपाले आगामी पाँच वर्षमा १ करोड नयाँ रोजगारी र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने लक्ष्य राखेको बताएको छ। पार्टीले यसलाई राज्यका युवाहरूको आकांक्षा पूरा गर्ने व्यापक दृष्टिकोणको अंशको रूपमा वर्णन गरेको छ।यसैबीच, यी घोषणाहरूलाई लिएर राजनीतिक विवाद पनि तीव्र भएको छ। राज्यमा सत्तारुढ तृणमूल कांग्रेसले चुनावको यति नजिक त्यस्ता योजनाहरूको घोषणा र वितरणको बारेमा प्रश्न उठाएको छ। पार्टीले यो कदमले निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्ने र मतदाताहरूलाई प्रभाव पार्ने प्रयास भएको आरोप लगाएको छ।***

**आदर्श आचारसंहिता उल्लङ्घन तृणमूल**

पश्चिम बंगालमा चुनावी माहोलको बीचमा, तृणमूल कांग्रेसले भारतीय जनता पार्टी (भाजपा) की स्मृति इरानी, शुभेन्दु अधिकारी र अन्य विरुद्ध निर्वाचन आयोगमा उजुरी दर्ता गरेको छ, जसमा आदर्श आचारसंहिताको उल्लङ्घन भएको आरोप लगाइएको छ।

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार र राज्य मुख्य निर्वाचन अधिकारी मनोज अग्रवाललाई लेखेको पत्रमा, पार्टीले आरोप लगाएको छ कि अप्रिल १५ मा भाजपा नेताहरूले "मातृ शक्ति भरोसा कार्ड" नामक नयाँ योजना घोषणा गरे, जसमा महिलाहरूको बैंक खातामा सिधै ३,००० स्थानान्तरण गर्ने वाचा गरिएको थियो। योजना फारमहरू विभिन्न स्थानहरूमा पनि वितरण गरिँदैछ।

तृणमूल कांग्रेसले यस्तो घोषणा र फारमहरूको वितरणले आदर्श आचारसंहिताको गम्भीर उल्लङ्घन भएको बताएको छ। पार्टीका अनुसार, महिलाहरूलाई यस योजना अन्तर्गत फारमहरू भर्न प्रलोभनमा पारिएको छ र नगद वा प्रत्यक्ष बैंक स्थानान्तरण मार्फत आर्थिक लाभको वाचा गरिएको छ।

उल्लेखनीय छ , पूर्व केन्द्रीय मन्त्री स्मृति इरानी बुधबार कोलकातामा थिइन्, जहाँ उनले महिलाहरूलाई "मातृ शक्ति भरोसा कार्ड" वितरण गरिन्।

तृणमूल कांग्रेसले यस्ता गतिविधिहरू स्वतन्त्र र निष्पक्ष चुनावको भावना विरुद्ध भएको र मतदाताहरूको स्वतन्त्र छनोटलाई असर गर्ने, साथै समान खेल मैदानलाई कमजोर पार्ने आरोप लगाएको छ।

पार्टीले यसलाई जनप्रतिनिधित्व ऐन, १९५१ को धारा १२३ अन्तर्गत "भ्रष्टाचारपूर्ण अभ्यास" र भारतीय दण्ड संहिता, २०२३ को धारा ६१(२), १७३ र १७४ अन्तर्गत दण्डनीय अपराधको रूपमा वर्णन गरेको छ।

**खरसाङ विधानसभा निर्दलीय उम्मेद्वार**

खरसाङ विधानसभा समष्टिको लागि निर्दलीय उम्मेद्वारको मोहन शर्माले आज मिरिकमा एक पत्रकार सम्मेलन आयोजना गरेर आफ्नो चुनाव घोषणा पत्र जारी गरेका छन्। सिलगढीको दार्जिलिङ मोड निवासी मोहन शर्मा यसपाली खरसाङ विधानसभा समष्टिबाट युवाहरुलाई रोजगार दिने वाचाको साथमा चुनावी मैदानमा उत्रिएका छन्। चुनाव घोषणा पत्र जारी गर्दै उम्मेद्वार मोहन शर्माले स्थानीय तहमा रोजगारको अवसर सिर्जना गर्ने, डिटीजल माध्यमबाट युवाहरुलाई रोजगारको अवसर प्रादान गर्ने, चियाबारी श्रमिकहरुको लागि 250 रुपियाँबाट बढाएर 400 रुपियाँ गराउन साथै श्रमिकहरुको समस्या समाधानको लागि 30 दिनको योजना बनाएर काम गर्ने प्रोजेक्ट तयार पारेको, स्किल डेभलपमेन्टको लागि प्रशिक्षण केन्द्र खोलेर युवाहरुलाई प्रशिक्षण दिने, युवाहरुलाई कानुनी रुपमा सहयोग गर्ने, आपतकालीन स्वास्थ्य सेवाको लागि 24 घण्टा नै एम्बुलेन्स सेवा सञ्चालन गर्ने साथै मोबाइल युनिट शुरु गर्ने जस्ता विषयहरु रहेको बताएका छन्।

**डिमाईश**

श्रीमति के. के. गुप्ताको ८६ वर्षको उमेरमा हिजो निधन भएको छ। उहाँ आकाशवाणी खरसाङमा कार्यक्रम निष्पादक PEX को रुपमा एक डिसेम्बर १९७७ मा कार्यभार सम्हाल्नु भएको थियो। उहाँले आकाशवाणी गान्तोकमा पनि धेरै वर्ष काम गर्नु भयो। ३१ जनवरी १९९५ मा उहाँ सहायक स्टेशन निर्देशक, खरसाङको पदबाट अवकाश ग्रहण गर्नु भएको थियो। उहाँको अन्तिम शवयात्रा आज खरसाङको डुम्राम स्थित निवासबाट शुरु भई शमशान घाटमा अन्तिम संस्कार सम्पन्न भयो। आकाशवाणी खरसाङ परिवारले उहाँको निधन प्रति गहिरो शोक समवेदना व्यक्त गरेको छ।

**दार्जीलिङका जिल्लाधिकारी बूथ निरीक्षण**

मतदाताहरूमाझ भरोसा बढ़ाउनका लागि जिल्लाधिकारी तथा जिल्ला पुलिस अधीक्षकले बूथहरूको भ्रमण गरिरहेका छन्। आगामी 23 अप्रेलमा पहिलो चरणको मतदान हुन गइरहेको छ। यसबीच गत 8 अप्रेलको दिन नक्सलबाड़ीमा तृणमूल र भाजपामझ झड़प भएको थियो। यसैलाई ध्यानमा राख्दै नक्सलबाड़ीको रायपाड़ा क्षेत्रमा मानिसहरूमाझ भरोसा बढ़ाउनका लागि हिज राति दार्जीलिङका जिल्लाधिकारी हरिशंकर पनिकर र जिल्ला पुलिस अधीक्षक प्रतीक्षा झारखण्डियाले क्षेत्रको भ्रमण गर्नुभयो। दुवैले नक्सलबाड़ीको रायपाड़ा र नन्द प्रसाद बालिका विद्यालयका बूथहरूको निरीक्षण गर्नुभयो भने सर्वसाधारण मानिसहरूलाई आश्वस्त पनि गराउनुभयो।यस अवधि केन्द्रिय बलहरूको साथमा क्षेत्रमा गस्ती पनि गरियो। जिल्लाधिकारीले मानिसहरूलाई मतदान गर्ने अपील गर्नुभयो। साथै उहाँले, यदि कुनै पनि प्रकारको असुविधा भए 1905 हेल्पलाइन नम्बरमा सम्पर्क गर्न आग्रह पनि गर्नुभयो।

**निर्वाचन आयोग सुरक्षा व्यवस्था**

पश्चिम बंगाल विधानसभा चुनाउलाई निष्पक्ष अनि सुरक्षित बनाउनको लागि चुनाउ आयोगले महत्वपूर्ण निर्देश जारी गरेको छ। आयोगले त्यस्ता मतदान केन्द्रहरूको चारैतिर अस्थायी घेराबन्दी गरिरहेको छ जहाँ पक्का पर्खाल छैन। यसो गर्नको उदेश्य अनधिकृत मानिसहरूको आवागमनलाई रोक्न सकियोस भने हो।

***राज्यको मुख्य निर्वाचन अधिकारी कार्यालय सूत्रले बताए अनुसार, जाँच अवधि आयोगका प्रतिनिधिहरूले केही यस्ता मतदान केन्द्रहरूलाई चिन्हित गरेको छ जुन स्कूल भवनहरूमा अवस्थित छ जसको चारैतिर कुनै समुचित बाउण्ड्री वाल छैन। यस्तो स्थितिमा त्यहाँ तैनाथ केन्द्रिय सशस्त्र पुलिस बलका जवानहरूको नजर छलेर बाहिरका मानिसहरू भित्र प्रवेश गर्ने आशंका रहन्छ। सूत्रले बताए अनुसार, केही मतदान केन्द्रहरू सुदूरवर्ती वन क्षेत्रहरूमा अवस्थित छन् जहाँ चारैतिर घना जंगल वा झाड़ी छ। यस्ता क्षेत्रहरूमा सुरक्षाको दृष्टिले जोखिम अधिक रहन्छ। यसैलाई ध्यानमा राखेर आयोगले यी मतदान केन्द्रहरूको चारैतिर बाँसले घेराबन्दी गर्ने निर्णय लिएको छ। साथै यी केन्द्रहरूमा अतिरिक्त सुरक्षा बलहरूलाई पनि तैनाथ गरिनेछ ताकि कसैले पनि घेराबन्दीलाई तोडेर भित्र प्रवेश गर्न नसकोस्। चुनाउ आयोगले यसपालि बूथ लेभल अधिकारीहरूलाई पनि वेशेष निर्देश दिएको छ। उनीहरूलाई मतदाताहरूको घर-घरमा पुगेर भोटिंग स्लिप वितरण गर्ने आदेश दिइएको छ जस्तो भर्खरै सम्पन्न भएको विशेष गहन पुनरीक्षण प्रक्रिया अवधि गरिएको थियो। आयोगले कड़ा चेताउनी दिएको छ, कुनै पनि स्थितिमा यो कार्य कुनै राजनीतिक दलका प्रतिनिधिहरूलाई नसुम्पिइयोस्।पहिलो चरणको मतदानपूर्व आयोगले सेक्टर अधिकारीहरू, प्रिसाइडिंग अधिकारीहरू तथा अन्य चुनाउ कर्मीहरूलाई निष्पक्षता कायम राख्ने कड़ा दिशानिर्देश जारी गरेको छ। उनीहरूलाई निर्देश दिइएको छ, उनीहरूले मतदान प्रक्रिया अवधि कुनै पनि राजनीतिक दल वा उसका एजेन्टबाट कुनै पनि परकारको सहयात नलिउन्।***

## योगी आदित्यनाथ चुनावी सभा

पश्चिम बंगाल विधानसभा चुनाउको पहिलो चरण अगाड़ी राजनीतिक गतिविधि तीव्र भएको छ। आगामी 23 अप्रेलमा हुने चुनाउ अघि भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो अभियान तीव्र बनाएको छ। आज पश्चिम बर्दवानमा एक जनसभालाई सम्बोधन गर्नुहुदै उत्तर प्रदेशका मुख्यमन्त्री तथा भाजपाका स्टार प्रचारक योगी आदित्यनाथले राज्यको सत्तारुढ़ तृणमूल कांग्रेसमाथि चर्को हमला गर्नुभयो। जनसभामा मुख्यमन्त्री योगी आदित्यनाथले पश्चिम बंगाल अराजकता, माफिया शासन र भ्रष्टाचार जस्ता समस्याहरूले ग्रस्त रहेको बताउनुभयो। उहाँले विकासको लागि राखिएको रकम कटमनी र भ्रष्टाचारमा हराएको आरोप लगाउनुभयो। उत्तर प्रदेशको उदाहरण दिनुहुदै उहाँले भन्नुभयो नौ वर्ष पहिले त्यहाँ पनि यस्तै अवस्था थियो, जहाँ अपराध, दंगा र माफिया हावी थियो। योगी आदित्यनाथले डबल इन्जिन सरकार आएपछि स्थितिमा सुधार आएको दाबी गर्नुभयो। योगी आदित्यनाथले भन्नुभयो, विगत 15 वर्षदेखि बंगालमा पहिचान संकट र डरको वातावरण सिर्जना गर्नेहरूलाई अब हटाउनु आवश्यक छ।

***********